जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ५७ • २०८२ पुस ४ गते शुक्रवार • 19 Dec. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# तोकिएको मितिमा चुनाव हुँदैन : निवर्तमान सांसद सिंह

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ३ पुस

सरकारलाई खबरदारी गर्दै देशको विभिन्न मुद्दालाई कडाईका साथ उठाएर सधैं चर्चामा रहने गरेका निवर्तमान स्वतन्त्र साँसद डा.अमरेशकुमार सिंहले तोकिएको मितिमा चुनाव नहुने बताउनुभएको छ ।

महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा आज नेपाल प्रेस युनियन महोत्तरीले आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले प्राविधिक कारणहरुले गर्दा तोकिएको मितिमा निर्वाचन नहुने बताउनुभयो । देशमा गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलन पश्चात बनेको प्रधानमन्त्री सुशिला कार्कीको सरकारले आम निर्वाचनका लागि तोकेको फागुन २१ गतेका दिन हिमाली क्षेत्र र केहि पहाडी क्षेत्रमा अत्यधिक हिउँ पर्ने बेला रहेको र तराई मधेशमा होली पर्वको भोलिपल्ट हुने भएकोले चुनाव हुन सक्ने अवस्था नरहने




उहाँले बताउनुभयो। नेता सिंहले देशमा वर्तमान सरकार र ठुला राजनीतिक दलले आम निर्वाचनको नयाँ मिति तोक्न एक अर्काको प्रतिक्षा गरिरहेको बताउनुभयो ।

उहाँले प्रधानमन्त्री सुशिला कार्कीले दलहरु आपसमा छलफल गरेर सरकारलाई नयाँ मिति तोक्न आग्रह गरोस भन्ने चाहना राखेको बताउनुभयो भने दलहरुले सरकारले नयाँ मिति तोकोस भन्ने चाहना राखेको बताउनुभयो । तर प्रधानमन्त्री कार्कीको सरकारले तोकिएको मितिमा चुनाव हुँदैन भनेपछि दलहरुले साँसद ब्युँताएर पुनर्स्थापना गर्ने दाउमा समेत रहेको नेता डा.सिंहले बताउनुभयो।

उहाँले देशका तीन ठुला दलका अध्यक्षहरु नेपाली काँग्रेसका शेरबहादुर देउवा, नेकपा एमालेका के.पी.ओली शर्मा र नेपाल कम्युनिष्ट पार्टीका पुष्पकमल दाहालले जेनजीका मुद्दाहरु बिस्तारै सेलाउँदै सांसद पुनर्स्थापना गर्न चाहेको ठोकुवा पनि गर्नुभयो । एमालेले शेरबहादुर देउवालाई प्रधानमन्त्री दिएर साँसद पुनर्स्थापना गराउने दाउमा रहेको र काँग्रेसले प्रचण्डलाई पनि व्यवस्थापन गरेर साँसद पुनर्स्थापना गर्ने दाउमा रहेको नेता डा.सिंहले बताउनुभयो ।

काँग्रेस, एमाले र तत्कालिन नेकपा माओवादी केन्द्रकै कारण देशमा जेनजी आन्दोलन भएको बताउँदै नेता डा.सिंहले अब तीनवटै दलले वर्तमान सरकारलाई असफल गराएर जेनजीका प्रभाव विस्तारै कम गर्दै जाने र त्यसपछि परिस्थिति अनुकुल देखेर देशमा साँसद पुनर्स्थापना गर्ने दाउमा रहेको आरोप लगाउनुभयो ।

उहाँले देशमा कुनै पनि हालतमा तोकिएको मिति फागुन २१ गते चुनाव हुँदैन र चुनाव नभए देशमा थप ठूलो आन्दोलन हुने अवस्था सृजना हुने दावी पनि गर्नुभएको छ। निवर्तमान स्वतन्त्र साँसद डा.सिंहले नेपाल राजनीतिक अस्थिरताका कारण आर्थिक, सामाजिक, राजनीति सबै क्षेत्रमा निक्कै पछाडि गइसकेकोले मुलुकलाई बी दिनसम्म आपसी द्वन्द्वमा फसाइराख्नु पनि हितकर नहुने र त्यसका लागि निर्वाचनको विकल्प समेत नरहेकोले तुरुन्त नयाँ मिति निर्धारण गरेर देशमा आम निर्वाचनको वातावरण तयार गर्न सबै पक्षलाई आग्रह गर्नुभयो।

# उम्मेदवार सिफारिसप्रति असहमति

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ३ पुस

नेपाली कांग्रेसका नेता बजरंग नेपालीले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ भएको उम्मेदवार सिफारिसप्रति असहमति जनाएका छन्।

सामाजिक सञ्जाल मार्फत आफ्नो धारणा सार्वजनिक गर्दै नेता नेपालीले पार्टीभित्र सहमतिका नाममा गरिएको निर्णय पूर्वाग्रही, अप्रजातान्त्रिक, अदूरदर्शी, एकांगी र अपारदर्शी रहेको आरोप लगाएका हुन्। उनले आफू २०७४ र २०७९ सालमा प्रतिनिधिसभा निर्वाचनका लागि पार्टीबाट सिफारिस भई टिकट प्राप्त गरी नामांकनसमेत गरिसकेको व्यक्ति भएको उल्लेख गरेका छन्। नेता नेपालीका अनुसार वर्तमान समयमा गरिएको निर्णयले आफ्नो विगतको योगदान र राजनीतिक यात्रालाई बेवास्ता गरेको छ। उनले यस्तो निर्णयले पार्टीभित्र निराशा र असन्तुष्टि बढाउने चेतावनीसमेत दिएका छन्।



यसैबीच, नेपाली कांग्रेस क्षेत्रीय कार्यलय क्षेत्र नं. ३, जलेश्वर महोत्तरीबाट जारी पत्रअनुसार प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. ३ का लागि प्रत्यक्षतर्फ रामचन्द्र तिवारीको एकल नाम सिफारिस गरिएको छ। उक्त पत्रमा समानुपातिकतर्फ पुरुष र महिलाबाट विभिन्न नेताहरूको नाम सिफारिस गरिएको विवरण पनि उल्लेख गरिएको छ। पार्टीभित्र उम्मेदवार छनोटको विषयलाई लिएर असन्तुष्टि सार्वजनिक रूपमा बाहिर आएपछि महोत्तरी कांग्रेसको आन्तरिक राजनीति थप तरंगित बनेको छ । स्थानीय कार्यकर्ता तथा नेताहरूबीच यस निर्णयले थप बहस र मतभेद चर्किने संकेत देखिएको छ।

# ४० वर्षदेखि अतिक्रमणमा रहेको पोखरीको डील खाली गराइयो



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ३ पुस

महोत्तरी जिल्लाको एकडारा गाउँपालिका वडा नम्बर -३ भटौलिया गाउँको पूर्वारी टोलमा विगत ४० वर्षदेखि अतिक्रमणमा रहेको सार्वजनिक पोखरीको डील आज खाली गराइएको छ ।

स्थानीय करीब २० जनाद्वारा घर, टहरा, गोठ, दाउरा राख्ने स्थान र वस्तुभाऊ बाध्ने स्थान बनाएर अतिक्रमण गरिएको सार्वजनिक पोखरीको डील आज वडा अध्यक्ष रामविलास रायको अगुवाईमा खाली गराइएको हो । गाउँपालिकाका कर्मचारीहरु स्थानीय समाजसेवी प्रवीण कुमार कर्ण, वडा कार्यालयका सचिव कौशलेन्द्र कर्ण, ईन्दल साह, विष्णुदेव ठाकुर, विरेन्द्र मण्डल सहितका व्यक्तिहरुले गाउँका भर भलाद्मीहरुसँगको शान्तिपूर्ण वार्ता पश्चात स्थानीयहरुद्वारा अनाधिकृत रुपमा अतिक्रमण गरिएको पोखरीको डील खाली गराउन सफल भएको हो। पोखरीको डील अतिक्रमणको चपेटमा परेका कारण सो पोखरी सार्वजनिक प्रयोगमा आउन सकेको थिएन भने त्यसबाट राज्यको लाखौ रकम राजस्व पनि गुमेको थियो।

पोखरीको डील खाली गराउन वडा अध्यक्ष तथा स्थानीयहरुलाई नेपाल र सशस्त्र प्रहरीले समेत सहयोग गरेको थियो। पोखरीको डील अतिक्रमणबाट मुक्त भएपछि स्थानीयहरु खुशी भएका छन् भने त्यसबाट अब स्थानीयहरुका साथै राज्यले पनि उपलब्धी पाउने आशा पलाएको वडा अध्यक्ष रायले बताउनुभयो।


GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
33 Years of Academic Excellence

आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवाहको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# अस्थिरताको अन्त्य गर्न जरुरी

*सबै क्षेत्र, जाती, लिङ्ग र भाषाको सुनिश्चित सहभागिताका लागि पूर्ण समानुपातिक जनप्रतिनिधि संस्था तथा स्थिर सरकारका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी नै नेपालका लागि सबैभन्दा उपयुक्त मोडल हुन सक्ने देखिन्छ । बारम्बारको निरङ्कुशताले अत्तालिएको नेपाली समाज प्रत्यक्ष निर्वाचित कार्यकारीको नयाँ प्रयोगमा जाने बित्तिकै अधिनायकवादी शासनमा फस्ने त होइन भनेर चिन्तित हुनु स्वाभाविकै नै रहेको देखिन्छ । आजको हाम्रो राजनीतिको महारोग चरम अस्थिरता नै रहेको देखिन्छ । अस्थिरताको यस्तो दुष्चक्रबाट देशलाई मुक्त गर्न अब विविधताको बिचबाट पनि प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्थामा जानुको विकल्प नै रहेको देखिन्छ ।*

*कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको बीचमा हुने आपसी नियन्त्रण र सन्तुलनका लागि प्रशस्त बहस गर्न सकिन्छन । उचित विधि अवलम्बन गर्दै प्रत्यक्ष कार्यकारी प्रमुख अधिनायक बन्नबाट रोक्न सकिन्छन । जनताको मत नै सबैभन्दा शक्तिशाली हुने सुनिश्चित भएपछि नेतृत्व अद्यावधिक नहुने भन्ने पक्का नहुने देखिन्छ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र अधिनायकवादलाई एउटै तुलामा जोख्नु गलत रहेको देखिन्छ । तसर्थ अस्थिरताको अन्त्यका लागि अब हिम्मतसाथ निर्णय गर्नैपर्ने आवश्यकता रहेको देखिन्छ ।*

# मधेस प्रदेशमा आत्महत्या विकराल समस्याका रूपमा स्थापित हुँदै

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३ पुस**

मधेस प्रदेशमा आत्महत्या विकराल समस्याका रूपमा स्थापित हुँदै गएको छ। मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार प्रदेशमा दैनिक ३ देखि ४ जनाले आत्महत्या गर्ने गरेको तथ्याङ्क छ। चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्म मधेस प्रदेशमा ४४० वटा आत्महत्याका घटना प्रहरी कार्यालयमा दर्ता भएका छन्।

जिल्लागत रूपमा सर्लाहीमा सबैभन्दा बढी ६४ र बारामा सबैभन्दा कम ४४ वटा आत्महत्याका घटना दर्ता भएका छन्। यस्तै सप्तरीमा ४९, सिरहामा ६३, धनुषामा ६०, महोत्तरीमा ५५, रौतहटमा ५६ र पर्सामा ४९ वटा आत्महत्याका घटना दर्ता भएका छन्



। प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार आत्महत्या गर्नेमा महिलाको सङ्ख्या अधिक छ। समीक्षा अवधिमा १५९ महिला, १५० पुरुष, २६ बालक र १०५ बालिकाले आत्महत्या गरेको प्रहरीले जनाएको छ। मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता कमल थापाले आत्महत्याको अवस्था अत्यन्तै चिन्ताजनक रहेको बताए। उनले भने, 'वर्षमा १२ सयदेखि १३ सयसम्म आत्महत्याका घटना भएको पाइन्छ। यो अत्यन्त डरलाग्दो अवस्था हो।' यस हिसाबले प्रदेशमा दैनिक रूपमा औसत ३ देखि ४ जनाले आत्महत्या गर्ने गरेको प्रहरीको तथ्याङ्क छ। प्रवक्ता थापाका अनुसार मानसिक स्वास्थ्य समस्या, आर्थिक अभाव, प्रेम सम्बन्धका विवाद तथा सामाजिक सञ्जालका कारण बढ्दो एक्लोपन नै आत्महत्याका प्रमुख कारण बनेका छन्। मधेस प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक सोनु कुमार साहले आत्महत्या न्यूनीकरणका लागि सामुदायिक प्रहरीले विद्यालयहरूमा गएर विद्यार्थी भाइबहिनीहरूलाई सचेतना शिक्षा प्रदान गर्दै आएको बताए।

उनले अभिभावकहरूले पनि आफ्ना छोराछोरी के गर्दैछन् भनेर समय-समयमा निगरानी गर्नुपर्ने औँल्याए। सामाजिक सञ्जालमा धेरै समय बिताउने, परिवारबाट एक्लिँदै जाने, कसैसँग घुलमिल हुन नचाहनेजस्ता बानी-व्यवहार देखिएका किशोर-किशोरीलाई अभिभावकले बेलैमा उनीहरूको समस्या बुझेर उचित सल्लाह र साथ दिनुपर्ने उनको भनाइ छ। सामाजिक अभियन्ता सुनिल कुमार साहले आत्महत्या न्यूनीकरणका लागि टोल-टोलमा सचेतनामूलक कार्यक्रम, डकुमेन्ट्री र अन्तरक्रियामा जोड दिनुपर्ने बताए। यसका लागि सबै पक्षको सामूहिक प्रयास जरुरी रहेको उनले प्रस्ट पारे।

आम नागरिकलाई यसबारे सचेत गराउन ठाउँ-ठाउँमा अभियानकै रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने उनको भनाइ छ। 'यो एउटा व्यक्ति, परिवारमात्रको समस्या होइन,' उनले भने, 'त्यसैले यसको न्यूनीकरणका लागि पनि समाजका सबै पक्ष सजग भएर सहकार्यमा जुट्न जरुरी छ।' अधिवक्ता राजकुमार महासेठ आत्महत्या न्यूनीकरणका लागि पारिवारिक सद्भाव र मेलमिलाप कायम गर्नुपर्नेमा जोड दिन्छन्। 'सबैले आफ्नो आर्थिक हैसियत अनुसार जीवनशैली अपनाउनु पर्छ। सामाजिक सद्भाव कायम हुनुपर्छ। कामको तनाव वा पारिवारिक तनाव लिनु हुँदैन,' उनले भने, 'मस्तिष्कलाई शान्त राख्न दैनिक व्यायाम गर्नुपर्छ।' अभिभावकहरूले पनि आफ्नो बालबालिकाका लागि निश्चित समय छुट्याउनुपर्नेमा जोड दिए। आत्महत्या न्यूनीकरणका लागि राज्यपक्षले पनि आवश्यक भूमिका निर्वाह गर्नुपर्ने उनको भनाइ छ। घरेलु हिंसाका एक हजार ८०६ उजुरी- प्रदेश प्रहरी कार्यालयका अनुसार चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्म मधेस प्रदेशमा घरेलु हिंसाका १ हजार ८०६ निवेदन दर्ता भएका छन।




## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: अनावश्यक चिन्ता
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: पढाईमा ध्यान दिनुपर्ने
सिंह: शुभ कार्यको शुरुवात
कन्या: खानपानमा समस्या आउने
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: विचार गरेर बोल्नुहोला
मकर: लामो यात्राको योग छ
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इतिहासकै ठूलो जलसेनाको घेराबन्दीमा भेनेजुएला

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ पुस**




अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलाका सबै प्रतिबन्धित तेल ट्याङ्करहरूमाथि पूर्ण नाकाबन्दीको आदेश जारी गर्दै राष्ट्रपति निकोलास मादुरोमाथि चलिरहेको दबाब अभियानलाई थप तीव्र बनाएका छन्।

ट्रम्पले भेनेजुएलाको सरकारलाई “विदेशी आतङ्कवादी सङ्गठन” को रूपमा नामकरण गर्दै उनीहरूमाथि आतङ्कवाद, लागुऔषध तस्करी र मानव तस्करी जस्ता गम्भीर अपराधमा संलग्न भएको आरोप लगाएका छन्। अमेरिकाले आफ्नो तेल, जमिन वा अन्य सम्पत्ति कुनै पनि शत्रु शासनलाई लिन अनुमति नदिने बताउँदै ट्रम्पले भेनेजुएलाले अमेरिकाबाट “चोरेका” सबै सम्पत्ति तुरुन्त फिर्ता गर्नुपर्ने माग राखेका छन्। ट्रम्पका अनुसार भेनेजुएला अहिले दक्षिण अमेरिकाको इतिहासकै सबैभन्दा ठूलो जलसेनाको घेराबन्दीमा रहेको छ र सम्पत्ति फिर्ता नगरेसम्म यो दबाब जारी रहने चेतावनी दिइएको छ। यसै सिलसिलामा गत हप्ता अमेरिकी प्रशासनले भेनेजुएलाको तट नजिकै एउटा तेल ट्याङ्कर कब्जामा लिएको थियो।

# प्लास्टिक सर्जरीको चर्चामा रकुल प्रीत सिंहको आक्रोश, दिइन् चेतावनी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ पुस**



बलिउड अभिनेत्री रकुल प्रीत सिंहले आफ्नो लुक्सलाई लिएर सामाजिक सञ्जालमा फैलिएको कस्मेटिक सर्जरीको चर्चाप्रति कडा आपत्ति जनाएकी छन्। आफूलाई कस्मेटिक सर्जन बताउने डाक्टर प्रशान्त यादव नामका एक प्रयोगकर्ताले रकुलको पुरानो र नयाँ तस्विर तुलना गर्दै उनले बोटोक्स, फिलर्स र नोज जब (नाकको सर्जरी) गराएको दाबी गरेपछि अभिनेत्री आक्रोशित बनेकी हुन्।

रकुलले ती व्यक्तिलाई ‘ठग’ को संज्ञा दिँदै बिना कुनै प्रमाण गलत जानकारी फैलाएको र मानिसहरूलाई भ्रमित पारेको आरोप लगाएकी छन्। उनले सामाजिक सञ्जाल मार्फत यस्ता नक्कली डाक्टरहरूबाट सावधान रहन समेत सबैलाई आग्रह गरेकी छन्।

अभिनेत्रीले आफूलाई सर्जरी गराउने कुरामा कुनै आपत्ति नभए पनि कडा मिहिनेतबाट हुने तौल घटाउने प्रक्रियालाई सर्जरीको नाम दिनु गलत भएको बताएकी छन्। उनले डाक्टर भनिएका ती व्यक्तिलाई प्रश्न गर्दै ‘कडा मिहिनेत र व्यायामबाट आउने शारीरिक परिवर्तनका बारेमा कहिल्यै सुनेको छ ?’ भन्दै व्यङ्ग्य गरेकी छन्। रकुलले आफू एक कलाकार भएकाले आधुनिक र प्राचीन दुवै विज्ञान बुझ्ने दाबी गर्दै तथ्य जाँच नगरी जथाभावी बयान नदिन सचेत गराएकी छन्।

# निराश नहुन व्यवसायीलाई गभर्नर पौडेलको आग्रह

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ पुस**



नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले मुलुकको वर्तमान आर्थिक अवस्थाबाट विचलित नहुन निजी क्षेत्रलाई आग्रह गरेका छन्। बिहीबार गोरखापत्र संस्थानद्वारा आयोजित एक कार्यक्रममा बोल्दै गभर्नर पौडेलले उद्योगी तथा व्यवसायीहरूलाई उच्च मनोबलका साथ अगाडि बढ्न र उत्पादनशील क्षेत्रमा लगानी बढाउन आह्वान गरे।

निजी क्षेत्रले विगतमा धेरै आरोह-अवरोह र कठिन समयहरू पार गर्दै यहाँसम्मको यात्रा तय गरेको स्मरण गराउँदै उनले अबका चुनौतीहरूलाई पनि साहसका साथ सामना गर्नुपर्ने बताए। मुलुकको मनोबल स्थिर राख्ने प्रमुख आधारका रूपमा उनले आवधिक र स्वच्छ निर्वाचनलाई औँल्याए। कम आर्थिक स्रोत भएका व्यक्तिहरूले पनि स्वतन्त्र रूपमा चुनाव जित्नु र परम्परागत दल बाहिरबाट नयाँ प्रतिनिधि निर्वाचित हुनु लोकतन्त्रको सकारात्मक पक्ष र देश अघि बढिरहेको बलियो सङ्केत भएको उनको भनाइ थियो। गभर्नर पौडेलले ऊर्जा र यातायातजस्ता पूर्वाधारका क्षेत्रमा ठूलो लगानी गर्न निजी क्षेत्रले आँट गर्नुपर्ने बेला आएको बताए।

“तपाईंहरू ठूलो खर्च गर्न आँट गर्नुहोस्, बैंकिङ क्षेत्रबाट हामीले गर्नुपर्ने नीतिगत तथा प्रक्रियागत सहयोगका लागि राष्ट्र बैंक तयार छ,“ उनले प्रतिबद्धता जनाए। ऊर्जा क्षेत्रको उत्पादन, प्रसारण र वितरणका साथै यातायात पूर्वाधारमा लगानीको प्रचुर सम्भावना रहेको र ती सम्भावनाको अझै थोरै हिस्सा मात्रै उपयोग भएको उनले उल्लेख गरे। आफ्नो सम्बोधनका क्रममा गभर्नरले २० वर्षअघिको आन्तरिक द्वन्द्व, राजदरबार हत्याकाण्ड र विनाशकारी भूकम्प जस्ता प्रतिकूल समयमा पनि नेपालीहरूले मेहनत गरेर अर्थतन्त्र टिकाएको उदाहरण दिए।

अहिले प्रतिकूल परिस्थिति सोचेर बस्नुपर्ने कुनै कारण नरहेको भन्दै उनले बोण्ड (ऋणपत्र) जारी गर्ने विषयमा पनि निजी क्षेत्रसँग निरन्तर छलफल र परामर्श भइरहेको जानकारी दिए। सकारात्मक आधारहरूलाई आत्मविश्वासका साथ उपयोग गरे अर्थतन्त्र थप गतिशील बन्ने विश्वास उनले व्यक्त गरे।

# विश्वकप जित्नेले ५ करोड डलर पाउने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ पुस**



सन् २०२६ को विश्वकप जित्नेले ५ करोड डलर पाउने भएको छ। विश्व फुटबलको सर्वोच्च संस्था फिफाले अबको विश्वकपका लागि बुधबार पुरस्कार राशि घोषणा गरेको हो। विश्वकपको कुल पुरस्कार राशि भने ६५ करोड ५० लाख डलर रहेको छ।

सन् २०२२ को कतार विश्वकपभन्दा पुरस्कार राशिमा लगभग ५० प्रतिशत वृद्धि गरिएको छ। पछिल्लो विश्वकपमा ४४ करोड डलर पुरस्कार राशिका रूपमा वितरण गरिएको थियो। अबको विश्वकप अमेरिका, मेक्सिको र क्यानडामा जुन ११ देखि जुलाई १९ सम्म आयोजना हुँदै छ। यसपल्टको सहभागी टिमको संख्या बढेर ४८ पुगेको छ। पछिल्लो विश्वकपमा ३२ टिमकै मात्र सहभागिता रहेको थियो। अर्जेन्टिनाले पछिल्लो विश्वकपमा विजेताका रूपमा ४ करोड २० लाख डलर पाएको थियो। तीन वर्षअगाडि लियोनल मेसीको नेतृत्वमा अर्जेन्टिनाले उपाधि हात पारेको हो। फाइनलमा अर्जेन्टिनाले फ्रान्सलाई पेनाल्टीमा हराएको थियो। उप-विजेताका रूपमा सीमित भएपछि फ्रान्सले ३ करोड डलरमा चित्त बुझाएको थियो। यसपल्ट भने फाइनलमा पराजित हुने टिमले पनि ३ करोड ३० लाख डलर पाउने छ। तेस्रो हुनेले २ करोड ९० लाख डलर हात पार्नेछ।

सेमिफाइनल पुग्ने चौथो टिमले २ करोड ७० लाख डलर प्राप्त गर्नेछ। अबको विश्वकपमा लिग चरणबाटै बाहिरिनेले पनि ९० लाख डलर पाउने छ।






# राष्ट्रिय सभाको गरिमा जोगाउने दायित्व

-राष्ट्रिय सभा नेपालको संघीय संसद्को स्थायी सदन हो, जसले विधेयकको समीक्षा, अल्पसंख्यक र क्षेत्रीय हितको संरक्षण तथा संवैधानिक सन्तुलन कायम गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ।

यद्यपि संविधानले कतिपय अधिकार सीमित गरे पनि राष्ट्रिय सभाको गरिमा र प्रभावशाली भूमिका अभ्यास, राजनीतिक संस्कार र योग्य प्रतिनिधिको छनोटमा निर्भर छ । संविधानको मर्म बुझ्ने, संघीयताको रक्षा गर्ने र जटिल राजनीतिक परिवेशमा सेतुको काम गर्न सक्ने व्यक्तिहरू राष्ट्रिय सभामा हुनुपर्छ भन्ने धारणा बलियो छ। विधिको शासन र संसदीय लोकतन्त्रमा संसद् भनेको नागरिकले निर्वाचित जनप्रतिनिधि मार्फत आफ्नो अधिकार प्रयोग गर्ने उच्चतम थलो हो ।

सरकार निर्माण र सरकारले गरेका कामकारबाहीहरूको सूक्ष्म निगरानी गर्ने, नागरिकको भावनाअनुसार कानुन तर्जुमा गर्ने र ती कानुनहरूको कार्यान्वयनको अनुगमन संसद्ले गर्छ। सरकारलाई संसद्प्रति जवाफदेही गराउन, राष्ट्रिय सुरक्षासहित अन्तर्राष्ट्रिय शान्ति सम्झौताहरूको अनुमोदन र नागरिकका दैनन्दिन सरोकारलगायतका विषयहरूमा खबरदारी गर्ने काम पनि संसद्ले गर्छ। सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेट पास गर्ने र ती नागरिकको हितमा नरहेमा अस्वीकार गर्ने काम पनि संसद्ले गर्छ। शक्ति सन्तुलन र नियन्त्रणका प्रमुख तीन अंगमध्ये संसद् सबभन्दा शक्तिशाली निकाय हो ।

सर्वोच्च अदालतका न्यायाधीशहरूको संसदीय सुनुवाइ र गलत काम गरेमा महाभियोगमार्फत बर्खास्तीको काम संसद्ले गर्छ। नेपालको संविधानअनुसार प्रतिनिधिसभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको संघीय व्यवस्थापिकालाई संघीय संसद्का रूपमा परिभाषित गरिएको छ। यसमध्ये प्रतिनिधिसभा २७५ र राष्ट्रिय सभामा ५९ सदस्य हुन्छन् । राष्ट्रिय सभामा तीन जना सदस्य राष्ट्रपतिले मनोनयन गर्छन् । बाँकी ५६ जना भने प्रत्येक प्रदेशबाट आठ-आठ जनाको दरले निर्वाचित हुन्छन् । उनीहरू सम्बन्धित प्रदेशसभाका सदस्य, पालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखको मतद्वारा निर्वाचित हुने व्यवस्था छ ।

राष्ट्रिय सभा स्थायी सदन हो । हरेक दुई वर्षमा एक तिहाइ पद रिक्त हुने र रिक्त पद निर्वाचनमार्फत थपिँदै जान्छन् । आगामी २१ फागुनमा रिक्त हुने एक तिहाइ सदस्यको पदपूर्तिका लागि ११ माघमा निर्वाचन हुँदै छ । कांग्रेसले उम्मेदवारहरूको छनोट प्रक्रिया सुरु गरेको छ । एमाले र कांग्रेसबीच गठबन्धनको चर्चा पनि छ । सांसदको भूमिकालगायतका सवालमा नागरिकस्तरबाट राष्ट्रिय सभा आलोचित छ । राष्ट्रिय सभा जनप्रतिनिधिको पनि जनप्रतिनिधि थलो भएका कारण यसमा राष्ट्रियस्तरमा नै पहिचान हासिल गरेका र विभिन्न विषयगत क्षेत्रमा दक्षता हासिल गरेका व्यक्तिको प्रतिनिधित्व हुनुपर्दछ भन्ने आम बुझाइ छ । राष्ट्रिय सभाका लागि प्रदेश र स्थानीय तहका पदाधिकारीले मतदान गर्ने हुँदा प्रदेश र स्थानीय तह राम्रोसँग बुझेका व्यक्ति हुनुपर्ने धारणा पनि त्यत्तिकै बलियो छ ।



त्यसैले राजनीतिक दलले राष्ट्रिय सभामा उम्मेदवारी दिँदा राष्ट्रिय सभाको गरिमालाई उँचो बनाउने व्यक्तिहरू छनोट गर्नुपर्दछ । राष्ट्रपतिबाट मनोनीत व्यक्ति पनि कुनै दल विशेषभन्दा पनि सिंगो मुलुकवासीको ढुकढुकी बुझेको हुनुपर्दछ । यस आलेख राष्ट्रिय सभाको ऐतिहासिक पक्षलगायत संवैधानिक भूमिकाका बारेमा छ । नेपालमा पहिलो पटक लिखित संविधान २००४ सालमा 'नेपाल सरकार वैधानिक कानुन' का रूपमा जारी भएको हो । यद्यपि यो कार्यान्वयन भएन । यो संविधानले द्विसदनात्मक व्यवस्थापिकाको परिकल्पना गरेको थियो । ६० देखि ७० जना रहने गरी राष्ट्र सवा (प्रतिनिधिसभा) र २० देखि ३० जनाको भारदरी सवा (राष्ट्रिय सभा) को व्यवस्था थियो । राणा प्रधानमन्त्रीले कुनै पेसा, रोजगार र विशेष योग्यताद्वारा मुलुकको गौरव बढाएका व्यक्तिलाई आफ्नो तजबिजका आधारमा नियुक्त गर्न सक्ने व्यवस्था थियो । २००७ सालको परिवर्तनपछि अन्तरिम शासन विधान, २००७ जारी गरी राजाले शासन सञ्चालन गरे । राजा महेन्द्रबाट जारी भएको नेपाल अधिराज्यको संविधान, २०१५ मा पनि द्विसदनात्मक व्यवस्थापिकाकै परिकल्पना गरिएको थियो । तल्लो सदनका रूपमा प्रतिनिधिसभा र माथिल्लो सदनका रूपमा महासभा राखियो । प्रतिनिधिसभाको संख्या १०९ र महासभाको ३६ थियो । महासभामा १८ जना प्रतिनिधिसभाद्वारा निर्वाचित हुने र बाँकी १८ जना राजाबाट मनोनीत हुने व्यवस्था थियो ।

महासभासदको कार्यकाल ६ वर्षको हुने र अहिलेकै जस्तो एक तिहाइ सदस्यको पदावधि दुई वर्षमा सकिने व्यवस्था थियो । महासभासद हुन ३० वर्ष पुगेको हुनुपर्ने व्यवस्था थियो । प्रतिनिधिसभा र महासभाको प्रमुख र उपप्रमुखलाई क्रमशः सभामुख/उपसभामुख र अध्यक्ष/उपाध्यक्ष पदावधिको थालनी यसै संविधानबाट भयो । २०४६ को परिवर्तनपछि नेपाल अधिराज्यको संविधान, २०४७ ले २०५ सदस्यीय प्रतिनिधिसभा र ६० सदस्यीय राष्ट्रिय सभाको व्यवस्था गऱ्यो ।

साभार : कान्तिपुर ।





अनुरोधकर्ता
जलेश्वर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



GYAN GANGA
INTERNATIONAL PUBLIC SCHOOL
Janakpurdham-4,Dhanusha
Cell :9824877627,9844027971














अनुरोधकर्ता
कमला नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday